स्थानीय सरकार

# आठविसकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम भाग)

## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ०८८५९४००५
९८६०८९०५७४

पत्र संख्याः २०८२/०८३ (रोजगार सेवा केन्द्र)

चलानी नम्बर : २०९४

मितिः २०८३/०१/२४ गते

ने.स. ११४६ बछलागा पञ्चमी

श्री वडा कार्यालयहरु (सबै),
आठविसकोट नगरपालिका रुकुम (पश्चिम)।

**विषय : आर्थिक वर्ष २०८३/०८४ को मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनोट तथा सिफारिस गरी पठाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा पत्र संख्या २०८२/८३ (योजना),चलानी नम्बर ३०१०, मिति २०८३/०१/२२ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, सुर्खेतको प्राप्त पत्रानुसार आर्थिक वर्ष २०८३/०८४ मा त्यस वडामा कार्यान्वयन हुने **मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२** को कार्यक्षेत्र भित्र पर्ने आयोजनाहरु छनौट तथा सिफारिस गर्ने सम्बन्धमा प्रत्येक स्थानीय तहहरुलाई वडागत रुपमा अधिकतम बजेट सिमा १५ लाख लागत भएका, वडा बासीहरुको आम भेलाबाट माग भएका योजनाहरु मध्येबाट वडा समितिको निर्णय सहित एक वटा (प्रति वडा ) आयोजना छनौट गरी मिति २०८३/०१/३१ गते भित्र यस पालिकामा पठाउनुहुन यसै पत्रका साथ अनुरोध छ। साथै आयोजनाको सिफारिस गर्दा उपर्युक्त आयोजनामा संशोधन माग नगरिने प्रतिवद्धता पत्र अनिवार्य रुपमा पठाउनु हुन समेत अनुरोध छ।

**देहाय अनुसारको मापदण्डको आधारमा योजना छनौट गर्नुपर्ने छ :**

- प्रत्येक वडागत रुपमा अधिकतम बजेट सिमा १५ लाख रहेकोले सोहि बजेट सिमा भित्र रही आयोजना सिफारिस गर्ने।
- प्रत्येक वडाले वडा बासिहरुको आम भेलाबाट माग भएका योजनाहरु मध्येबाट वडा समितिको निर्णय सहित एक वटा आयोजना (प्रति वडा ) छनौट गरी तोकिएको मितिमा उपलब्ध गराउने।
- आयोजना छनौट गर्दा पारिश्रमिक तर्फको बजेट वा ज्यालामा खर्च हुने रकम बृद्धि हुने खालका योजनाहरु यथासम्भव प्राथमिकतामा राख्ने।
- यान्त्रिक उपकरणहरु डोजर लागायतका ठुला मेसीनहरुको प्रयोग हुने खालका योजनाहरु छनोट नगर्ने।
- थप जानकारीको लागि रोजगार सेवा केन्द्र वा cmep.karnali.gov.np मा सम्पर्क गर्ने

.......................
इन्द्र बहादुर विष्ट
नि. प्रमुख प्रशासकीय अधिकृत



**E-mail:** aathbiskotmun073@gmail.com ito.aathbiskotmun@gmail.com